मिति २०७९/०१/२५ गतेका दिन कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुचि–१४
## (नियम २६ को उपनियम (१) संग सम्वन्धित)
### आ. ब. २०७८/७९ को तेस्रो त्रैमासिक अवधिको प्रतिवेदन (२०७८ माघ, फाल्गुण र चैत्र)

**१. वित्तीय विवरण :**

क. यस कम्पनीको आर्थिक वर्ष २०७८/७९ को तेस्रो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्बन्धी विवरण सम्पूर्ण शेयरधनीको जानकारीका लागि धितोपत्र दर्ता निष्कासन नियमावली २०७३ बमोजिम प्रकाशन गरिएको छ ।

ख. प्रमूख वित्तीय अनुपातहरु :
१. प्रति शेयर आम्दानी * : रु. ६९.२२
२ पी. ई. अनुपात : ५१.८८
३. प्रति शेयर नेटवर्थ : रु. १६९.६४
४. तरलता अनुपात : ३.४१
* प्रति शेयर आम्दानी annualized गरिएको ।

**२. व्यवस्थापकीय विश्लेषण :**

क. कम्पनीले उत्पादन गरेको Golden Oak नामक मदिरा उपभोक्ताहरुको रोजाईमा परी कम्पनीको मुख्य बिक्रि हुने मदिराको रुपमा पहिचान बनाएको छ । यसै गरी कम्पनीले उत्पादन गरेको Black Oak नामक मदिराको पनि बजारबाट साविकको भन्दा माग बृद्धि भई रहेकोले उक्त ब्राण्डको मदिरा समेत उपभोक्ता बीच लोकप्रिय बन्नेमा कम्पनी विश्वस्त रहेको छ । उपभोक्ताहरुको चाहनालाई ध्यानमा राखी कम्पनी व्यवस्थापनले अर्को नयाँ ब्राण्ड Blue Oak नामक मदिरा समेत उत्पादन गरी बजारमा बिक्रि वितरणको कार्य गर्दै आएको छ ।

ख. बजारमा विभिन्न कम्पनीले यस कम्पनीबाट उत्पादन तथा बिक्रि वितरण भई उपभोक्ता बीच पहिचान समेत गराई सकेको Golden Oak र Black Oak नामक मदिराहरुको नक्कल गरी उस्तै बोतल र लेवल समेत प्रयोग गरी मदिरा उत्पादन तथा बिक्रि वितरण गर्ने कार्य भई रहेकोले उल्लेखित यस कम्पनीका मदिराको बिक्रि वितरणमा केहि प्रभाव पर्न सक्ने देखिन्छ ।

ग. कम्पनीको बिक्रि बढ्न गएकोले बिक्रि तथा वितरण खर्चमा समेत केहि बृद्धि हुन पुगेको भएता पनि प्रशासनिक तथा वित्तिय खर्च तर्फ मितव्ययिता अपनाइएकाले उक्त खर्चहरु घटाउन सफल भएका छौं ।

घ. उद्योगमा काम गर्ने श्रमिकहरुको व्यवसाय जन्य सुरक्षा र स्वास्थ्य प्रति सजगता अपनाई कार्य गर्ने गरिएको साथै उत्पादित वस्तुको गुणस्तर प्रति उच्च सम्वेदनशिलता अपनाई कार्य गर्ने गरेका छौं ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

क. यस कम्पनीले आर्थिक ऐन २०७७ ले अन्तः शुल्क ऐन, २०५८ को दफा ४(ङ) मा कायम गरिएको संशोधित दफाको व्यवस्था उपर आन्तरिक राजश्व विभागका महानिर्देशक समक्ष पूर्वादेश उपर चित्त नबुझि श्री राजश्व न्यायधिकरण, काठमाण्डौंमा पुनरावेदन गरिएकोमा तहांवाट निवेदकले माग गरे मध्येको मुल्य अभिवृद्धि कर ऐन तथा नियमावलीको व्यवस्था अनुसार छुट पाउने नपाउने सम्वन्धमा केहि नबोली भएका निर्णय त्रुटिपुर्ण देखिदा बदर गरी निवेदकको पूर्वादेश माग गरेका सबै विषयमा जे जो गर्नु पर्ने गरी पूर्वादेश सम्बन्धी निर्णय गर्नु भनी निर्णय भएकाले पुनः उक्त विषयमा हामीले आन्तरिक राजश्व विभाग समक्ष निवेदन गरेको र हाल सम्म सो विषयको निर्णय प्राप्त भएको छैन ।

ख. यस कम्पनीलाई विपक्षी बनाई श्रम अदालत काठमाण्डौंमा केहि व्यक्तिले नियुक्ती पाऊँ भनी दिएकोमा निज निवेदकहरु उपर जिल्ला अदालत, पर्सामा यस कम्पनीले कीर्ते जालसाजी मुद्धा दायरा गरेको थियो । सो विषयमा सम्मानित जिल्ला अदालत पर्साबाट आम्सीक बादी दावी पुग्ने ठहराई फैसला भएकोमा सो उपर कम्पनीले उच्च अदालत, जनकपुरको अस्थायी ईजलास विरगन्जमा पुनरावेदन गरेकोमा तहाँबाट समेत जिल्ला अदालतले गरेको फैसलालाई नै सदर हुने गरी निर्णय आएकोले सोही मुद्धा सँग सम्बन्धित विषय श्रम अदालत काठमाण्डौंमा रहेको विवादको मुद्धाको मुलतवी जागेको र कारवाहि अगाडि बढेको छ ।

ग. २०६८ श्रावण को मु.अ.कर सम्बन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२/०७३ को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्बन्धी विषयमा चित्त नबुझि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएकोमा सो विषयहरुमा यस त्रैमासिक अवधि सम्म पनि कुनै निर्णय भएको जानकारी प्राप्त भएको छैन ।

घ. यस अवधिमा कम्पनीको नाममा दर्ता भएको Golden Oak र Black Oak ट्रेडमार्क नक्कल गर्न खोजी उद्योग विभाग, त्रिपुरेश्वरमा ट्रेडमार्क दर्ताका लागि आवेदन गरेका विभिन्न चार (४) उद्योग विरुद्ध निवेदन गरेका छौं ।

ङ. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्धा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

**४. यस संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :**

क. खुला बजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोवार हुने गरेको छ ।

ख. यस तेस्रो त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोवार तपशिल अनुसार भएको देखिन्छ । (श्रोतः www.nepalstock.com.np)
अधिकतम् मूल्य रु. ५,०४९.००
न्यूनतम् मूल्य रु. ३,४८२.००
कारोबार दिन ५८

**५. समस्या तथा चुनौति :**

यस वित्त विवरण अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. विदेशी मुद्राको संचिती घट्दो अवस्थामा रहेकोले हाम्रो जस्तो उद्योगको उत्पादनमा प्रयोग हुने प्याकेजिङ्ग सामाग्रीहरुः, बोतल, क्यापका साथै माल्ट स्प्रिट जस्ता वस्तुहरु विदेशवाट नै आयात गर्नु पर्ने भएको हुँदा यथास्थीतिमा यस्ता वस्तुहरु आयत गर्न कठिनाई भएको हुनाले कम्पनीको नियमित उत्पादन कार्यमा अवरोध आईपर्ने थप संभावना देखिएको छ ।

ख. बैंकिङ्ग क्षेत्रमा रहेको तरलता संकुचनको अवस्थाले गर्दा बजारमा बिक्रि वितरण भएका मदिराको भुक्तानी कम्पनीले उपलब्ध गराएको समय भित्रै प्राप्त गर्न कठिनाई भईरहेको परिस्थितीमा यथेष्ठ मात्राको लगानी गर्न नसकेमा कम्पनीवाट गरिने उत्पादन र बिक्रि वितरणको कार्यमा प्रभाव पर्न सक्ने चुनौती थपिएको छ ।

ग. कच्चा पदार्थ, प्याकेजिङ्गका सामाग्री तथा ढुवानी खर्चमा हुन आएको बृद्धिले गर्दा अब आउने अवधिको मुनाफामा प्रभाव पर्न सक्ने देखिन्छ ।

घ. यस प्रतिष्ठानले उत्पादन गरि रहेको र बजारमा उपभोक्ताले बढि रुचाएको Golden Oak र Black Oak नामक ब्राण्डको मदिराको विक्रि वितरणलाई प्रभाव पार्न र उपभोक्तालाई भ्रममा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि बजारमा उस्तै लेवल, बोतल प्रयोग गर्ने, कम शक्ती र कम गुणस्तरको मदिरा उत्पादन गरि विक्रि वितरण गर्ने कार्य जारी नै रहेकोले यस कम्पनीले उत्पादन गरी बजारमा विक्रि वितरण भई रहेका उल्लेखित ब्राण्डहरुका मदिराको ख्यातिमा असर पर्ने देखिन्छ । साथै कम्पनीको ट्रेडमार्क अंकित बोतलहरु प्रयोग गर्ने, सक्कली Golden Oak जस्तै लेवल बनाई विभिन्न नाम दिई उत्पादन गरी कम शक्ती र कम गुणस्तरको मदिरा विक्रि वितरण गर्ने कार्यले कम्पनीको उल्लेखित ब्राण्डहरुको मदिराको पहिचान यथावत राख्नका कम्पनी समक्ष थप चुनौति थपिएको छ । यस्तो कार्यले निरन्तरता पाउने हो भने नेपाल सरकार लाई प्राप्त हुने राजशवमा पनि प्रभाव पर्ने देखिन्छ ।

ङ. यदि नेपाल सरकारले आगामी वर्षको बजेट मार्फत् मदिरामा लाग्ने अन्तः शुल्क दर बृद्धि गरेमा यस कम्पनिले उत्पादन गर्ने मदिराहरुको उपभोक्ता मुल्य समेत बृद्धि हुनसक्ने हुनाले तिनको मागमा नकारात्मक असर पर्न जाने देखिन्छ ।

**६. संस्थागत सुशासन :**

कम्पनीमा स्वतन्त्र रुपमा आन्तरिक तथा वाह्रय लेखा परीक्षक नियुक्त गरी लेखा परीक्षण गर्ने कार्यलाई यस त्रैमासिक अवधिमा पनि निरन्तरता दिएको, कारखानामा उत्पादन हुने बस्तुहरु अन्तः शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्तः शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, कम्पनीको आर्थिक कारोवारलाई व्यवस्थित, मर्यादित र पारदर्शि बनाउने कार्यमा लागि परेका छौं । उद्योग रहेको क्षेत्र, स्थानिय निकायहरु सँगको सम्बन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य गर्नका लागि उद्योग सदैव सचेत रहेको, कारखानाको उत्पादकत्वमा बृद्धि र गुणस्तर कायम गर्नका लागि र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गरी कार्य गर्ने गरिएको साथै सके सम्म घटाउन सकिने खर्चहरुलाई व्यवस्थित गर्दै गई रहेको हुनाले कम्पनीको आर्थिक अवस्था सुदृढ राख्न सक्षम हुने विश्वास लिएका छौं ।

**७. सत्य तथ्य सम्बन्धमा प्रमूख कार्यकारी अधिकृतको उद्घोषण :**

यस त्रैमासिक अवधिको प्रतिवेदनमा उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहन्छु । मैले जाने बुझे सम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि कुनै पनि आर्थिक विवरण तथा जानकारीहरु नलुकाइएको व्यहोरा समेत यहाँहरु समक्ष अवगत गराउँदछु ।

प्रमूख कार्यकारी अधिकृत

## Unaudited Statement of Financial Position for the Quarter Ended as on 30th Chaitra 2078

| Particulars | This Quarter Ending (Rs.) | Upto Previous Quarter Ending (Rs.) | Corresponding Previous Year Quarter Ending (Rs.) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **NON-CURRENT ASSETS** | | | |
| a) Property, plant and equipment | 495,485,051 | 494,094,940 | 527,978,155 |
| b) Capital work-in-progress | - | 44,596 | 44,596 |
| c) Intangible assets | 106,196 | 201,783 | 722,457 |
| d) Financial assets | | | |
| Advance for investments in equity instruments | - | - | 20,000,000 |
| e) Investments | 69,000,000 | 69,000,000 | - |
| f) Other non-current assets | 20,193,142 | 20,193,142 | 20,193,142 |
| **Total Non-Current Assets** | **584,784,390** | **583,534,461** | **568,938,350** |
| **CURRENT ASSETS** | | | |
| a) Inventories | 386,806,067 | 319,202,896 | 503,941,565 |
| b) Financial assets | | | |
| Trade receivables | 2,292,970,682 | 1,913,983,407 | 1,018,582,134 |
| Cash and cash equivalents | 75,297,608 | 30,151,994 | 108,213,419 |
| c) Other current assets | 114,221,178 | 303,119,694 | 96,416,397 |
| **Total** | **2,869,295,535** | **2,566,457,992** | **1,727,153,515** |
| **Non-current assets held for sale** | - | - | - |
| **Total current assets** | **2,869,295,535** | **2,566,457,992** | **1,727,153,515** |
| **TOTAL ASSETS** | **3,454,079,925** | **3,149,992,453** | **2,296,091,865** |
| **EQUITY AND LIABILITIES** | | | |
| **EQUITY** | | | |
| a) Equity | | | |
| Share capital | 1,518,479,156 | 1,518,479,156 | 867,702,375 |
| b) Other equity | | | |
| Reserves and surplus | 1,057,514,665 | 731,918,890 | 768,241,479 |
| **Total Equity** | **2,575,993,822** | **2,250,398,047** | **1,635,943,854** |
| **NON-CURRENT LIABILITIES** | | | |
| a) Financial liabilities | | | |
| Borrowings | - | - | 466,658 |
| b) Deferred tax liabilities | 35,620,944 | 35,620,944 | 29,587,436 |
| **Total Non-Current Liabilities** | **35,620,944** | **35,620,944** | **30,054,094** |
| **CURRENT LIABILITIES** | | | |
| a) Financial Liabilities | | | |
| Borrowings | 15,622,162 | 724,594 | 1,380,359 |
| Trade payables | 328,306,187 | 242,914,287 | 333,693,856 |
| Other financial liabilities | 203,709,058 | 255,291,602 | 105,484,895 |
| b) Other current liabilities | 265,466,122 | 346,028,415 | 181,869,029 |
| c) Current tax liabilities (net) | 29,361,630 | 19,014,565 | 7,665,779 |
| **Total Current Liabilities** | **842,465,160** | **863,973,463** | **630,093,918** |
| **TOTAL EQUITY AND LIABILITIES** | **3,454,079,925** | **3,149,992,453** | **2,296,091,865** |

## Unaudited Statement of Profit or Loss and Other Comprehensive Income for the Quarter Ended as on 30th Chaitra 2078

| Particulars | This Quarter Ending (Rs.) | Upto Previous Quarter Ending (Rs.) | Corresponding Previous Year Quarter Ending (Rs.) |
|---|---|---|---|
| Revenue from operations | 5,187,815,201 | 2,987,224,123 | 3,984,522,067 |
| Less: excise duties | 2,356,778,488 | 1,361,651,570 | 1,597,216,487 |
| Less: cost of goods sold | 918,523,368 | 509,782,788 | 840,961,202 |
| Less: manufacturing expenses | 153,209,209 | 86,736,272 | 84,621,105 |
| **Gross profit** | **1,759,304,137** | **1,029,053,493** | **1,461,723,274** |
| Other operating income | 4,434,523 | 1,071,983 | 69,342,885 |
| **Total income from operations** | **1,763,738,659** | **1,030,125,476** | **1,531,066,158** |
| Employee benefit expenses | 228,388,966 | 140,575,964 | 180,805,432 |
| Administration and other expenses | 58,191,415 | 33,659,237 | 85,629,200 |
| Selling and distribution expenses | 380,532,624 | 208,780,613 | 308,942,223 |
| **Operating profit** | **1,096,625,654** | **647,109,662** | **955,689,304** |
| Depreciation and amortisation | 38,076,045 | 25,715,831 | 35,603,479 |
| Finance costs | 395,948 | 281,477 | 17,072,828 |
| **Profit before tax** | **1,058,153,662** | **621,112,354** | **903,012,997** |
| Income tax expenses | 269,829,184 | 158,383,650 | 230,268,314 |
| **Profit for the year** | **788,324,478** | **462,728,703** | **672,744,682** |
| **Other comprehensive income** | | | |
| **Items that will not be reclassified to profit or loss:** | | | |
| (i) Remeasurements of Defined Benefit Obligations | - | - | - |
| (ii) Income tax credit/(charge) relating to these items | - | - | - |
| **Other comprehensive income** | - | - | - |
| **Total comprehensive income for the year** | **788,324,478** | **462,728,703** | **672,744,682** |
| **Earning per equity share** (face value of Rs. 100 each) | | | |
| Basic EPS* | 69.22 | 60.95 | 59.07 |
| Diluted EPS* | 69.22 | 60.95 | 59.07 |

## Other Financial Ratios

| | | | |
|---|---|---|---|
| PE Ratio | 51.88 | 73.61 | 74.94 |
| Net Worth Per Share | 169.64 | 148.20 | 188.54 |
| Liquidity Ratio | 3.41 | 2.97 | 2.74 |

**Notes:**

Account heads have been re-grouped/re-classified wherever necessary so as to comply with the Nepal Financial Reporting Standards (NFRS)
* Earning Per Share annualized.
* Corresponding Previous Quarter's Basic & Diluted EPS has been restated to reflect the effect of issuance of Bonus Shares as per NFRS

**हिमालयन डिष्टिलरी लिमिटेड,**
विरगञ्ज महानगरपालिका वडा नं. – २१, लिपनि विर्ता, पर्सा, नेपाल